# सम्पादकीय

## अर्थतन्त्र उकास्ने प्रभावकारी उपाय खोज

अहिले विश्व अर्थव्यवस्था नै कमजोर भएको अवस्था छ। हाम्रोजस्तो कमजोर आर्थिक अवस्था रहेको मुलुकमा सबैजसो क्षेत्रमा आर्थिक मन्दीको असर परेको छ। महँगी र बरोजगारी बढिरहेका बेलामा आर्थिक मन्दीले हरेक जसोको चुल्होसम्मै प्रभाव पारेको छ। यसैपनि आयात गरेर धानिएको अवस्थामा र सामान्य वस्तुको पनि आयात गर्नुपरिरहेको अवस्थामा विश्व आर्थिक मन्दीले ठूलो असर पारिरहेको छ। न्यून आय भएका र निमुखाहरुलाई रोजगारी गुम्दा दैनिक गुजारा चलाउनै धौधौ हुने अवस्था सिर्जना भएको छ। यसबाट पाठ सिकेर नयाँ योजना बनाएर कार्यान्वयनमा जुट्नुपर्ने छ। अर्थतन्त्र कमजोर हुँदै गएको अवस्थामा उत्पादन लागतमा वृद्धि हुन्छ भने उत्पादित वस्तुको मूल्य पनि बढ्छ। अहिले यही भएको छ। हामीकहाँ सिन्की, मस्यौरा, हरियो धनियाको पात, खुर्सानीदेखि कोदोलगायतका खाद्यान्नको समेत आयात भइरहेको छ। हरियो धनियाँ त करेसाबारीमा पनि उमार्न सकिने हो। तर, हामी विलासी र अल्छी भएका छौं र उत्पादनमा लाग्ने जाँगर नै चलेको छैन। यसप्रकारको प्रवृत्तिले आयात बढाइरहने र वैदेशिक व्यापार असन्तुलन हुन्छ र क्रमशः परनिर्भर बनाउँछ। अब यस प्रकारका प्रवृत्ति र शैलीलाई बदल्ने गरी कार्यक्रम बनाउनुपर्ने छ।

हामीकहाँ लामो समयदेखि आर्थिक क्रियाकलाप बढ्न नसक्दा एक प्रकारको मन्दीको स्थिति छ। बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको ब्याज दर अस्वभाविक रुपमा वृद्धि गर्दा त्यसको मार सानाठूला सबैखाले उद्यमी र व्यवसायीमा परेको छ। एकातिर बजारमा वस्तुको माग नभएको हुँदा उद्योग तथा कलकारखाना पूर्ण क्षमतामा सञ्चालन भइरहेका छैनन् भने भएकाले पनि उत्पादन कटौती गरिरहेको अवस्था छ। औद्योगिक वातावरण खस्कँदै गएको र ब्याजसमेत तिर्न नसक्ने अवस्था सिर्जना भएको उद्योगी व्यवसायीको गुनासो छ। सानाठूला सबैखाले उद्यमीहरु अहिले सताइएको अवस्थामा छन्। यसतर्फ कांग्रेस-माओवादी नेतृत्वको गठबन्धन सरकारको पटक्कै ध्यान गएको छैन। अहिले पनि नेपालको अर्थतन्त्र विदेशमा रहेका नेपालीले कमाएर पठाएको पैसा (विप्रेषण) बाट धानिएको छ। विप्रेषण मात्रै करिब १३ खर्ब रुपियाँ जति भित्रिने गरेको सरकारी तथ्याङ्क छ। अवैध बाटोबाट भित्रिने रकमको त लेखाजोखा हुने कुरै भएन। राष्ट्रिय बजेटकै आकारको हाराहारीमा स्वदेश भित्रिने विप्रेषणको यो रकमलाई राज्यले अहिलेसम्म उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिरहेको छैन। प्राय यस्तो रकम फजुल खर्चमा र विलासितामा सकिने गरेको छ। यस्ता प्रवृत्तिले देशको अर्थतन्त्र माथि उठ्न सक्तैन।

# राजदूत सिनेमा



**ओम बानियाँ**

सन् १९०३ मा बनेको चलचित्र द ग्रेट ट्रेन रबरीलाई पहिलो चलचित्र मान्ने हो भने विश्व चलचित्र संसारले अहिले १२१ वर्ष पार गरेको छ। यस अवधिमा लाखौं चलचित्रहरू बनिसकेका छन्। तर तीमध्ये औंलामा गन्न सकिने चलचित्रहरू मात्र कालजयी भएका छन्। नयाँ पिँढीका बौद्धिक दर्शकहरूको मनमस्तिष्कमा समेत अझैं जीवित छन्। वास्तवमा यस्ता चलचित्रहरूले कुनै देशको सयौं राजदूतहरूले भन्दा पनि बढी काम गरेका छन्। आकिरो कुरोसुवाको कालजयी जापानीज चलचित्र रशोमनले विश्वभरि नै जापानी झण्डालाई फर्फरायो। अझ पनि रसोमनले जापानलाई चिनाउँछ।

सन् १९५५ मा भारतमा निर्मित बंगाली चलचित्र पाथर पाञ्चालीले पनि विश्वको ध्यान तान्यो। पाथर पाञ्चालीका कारण नै भारतलाई लाखौं विदेशी दर्शकहरूले सत्यजित रेको देश भनेर सम्झिन थाले। वास्तवमा भारतका कुनै राजदूतले गर्न नसकेको कार्य सत्यजित रेको चलचित्र पाथर पाञ्चालीले गऱ्यो।

लोकतान्त्रिक मुलुक भारत र तत्कालीन कम्युनिष्ट मुलुक रूसको आपसी सम्बन्ध प्रगाढ बनाउन पनि भारतीय चलचित्रहरूको ठूलो भूमिका रहेको जगजाहेर नै छ। उतिबेला राज कपूर तथा नरगिस दत्तका चलचित्रहरू रूसमा ज्यादै नै लोकप्रिय हुने गर्थे रे। अझ पनि भारतलाई रसियनहरूले राज कपूर तथा नरगिसको देश भनेर चिन्ने गर्छन्। भारतीयहरूलाई न्यानो माया गर्छन्।

सन् १९८२ मा प्रदर्शित हिन्दी चलचित्र मिथुन चक्रवर्तिको डिस्को डान्सरले त संसारभरि धुम मचायो। खाडी देशहरु तथा अमेरिका, युरोपमा मात्र होइन कि जापान, कोरिया तथा चीन जस्ता देशहरुमा समेत निकै लोकप्रिय भयो। भनिन्छ, भारतीय चलचित्र इतिहासमा सय करोड कमाउने पहिलो चलचित्रको रिर्कड राखेको यस चलचित्र प्रर्दशनपछि रुसमा मिथुनको एक झलक हेर्न लाखौं मानिसहरुको भिड उर्लिएको थियो।

तर, नेपाली चलचित्र जगतको कथाव्यथा ज्यादै विचित्रको छ। नेपालको चलचित्र बजार त हिन्दी सिनेमा उद्योगद्वारा बेस्सरी थिचिएको छ, किचिएको छ। त्यहीमाथि नेपाली सिनेकर्मीहरूमा चोर प्रवृत्ति हाबी छ। वास्तवमा भन्ने हो भने अधिकांश नेपाली चलचित्र हिन्दी चलचित्रका नेपाली संस्करण नै हुन्। यो कुरा राजेश हमाल जस्ता बौद्धिक कलाकारहरूले स्वीकारेका पनि छन्। राजेश हमालले भन्ने गर्छन्, मैले अहिलेसम्म उल्लेखनीय एउटा पनि चलचित्र खेल्न पाएको छैन।

नेपाली चलचित्र जगतका महानायकको यो भनाइबाट नेपाली चलचित्रको स्तर कस्तो रहेछ भन्ने स्वतः प्रष्ट हुन्छ। त्यसैले त नेपाली चलचित्र जगत ६० वर्षको उमेरमा पनि नेपालको लोकतन्त्रझै भएको छ, कहिल्यै उठ्न सकेको छैन।

एउटा तितो सत्य के हो भने हिजोआजका जति पनि नेपाली सिनेकर्मीहरू छन्, ती सबै प्रायः हिन्दी चलचित्रहरू हेरेर नै हुर्के बढेका हुन्। हिन्दी चलचित्रहरूबाट नै उनीहरूले धेरै कुराहरू सिकेका हुन्। च्यानल टिभीमा पनि हिन्दी चलचित्र तथा कार्यक्रम हेर्नेहरूको संख्या नेपालमा धेरै छ। त्यसैले नेपाली मनमस्तिष्कमा हिन्दी चलचित्रको प्रभाव पर्नु कुनै अनौठो कुरा होइन। वास्तवमा हामी धार्मिक-सांस्कृतिक तथा राजनीति सबै कुराबाट प्रभावित छौं तर हिन्दी चलचित्रहरू एक से एक राम्रा पनि छन्, त्यत्ति नै खराब पनि छन्। धेरै हिन्दी चलचित्रहरू पनि हलिउड र दक्षिण भारतीय भाषाका चलचित्रहरूको नक्कल गरेर बनाउने गरिन्छ। तर उहिलेका हिन्दी चलचित्रहरू अहिलेका भन्दा धेरै राम्रा थिए।

२०२२ सालमा हिरासिंह खत्रीको निर्देशिनमा बनेको आमा (२००७ सालमा भारतबाट नेपाली भाषाको चलचित्र सत्य हरिशचन्द्र बनेको थियो।) लाई पहिलो नेपाली चलचित्र मान्ने हो भने नेपाली चलचित्रले पनि ५८ वर्ष पार गरिसकेको छ। यस अवधिमा हजारौं नेपाली चलचित्रहरू बनिसकेका छन्। तर नेपालमा एउटा पनि कालजयी चलचित्र बन्न सकिरहेका छैन। त्यसो त करिब डेढ दशक पहिला डोल्पेली भाषाको क्याराभान बन्यो। यो चलचित्रले नेपालको डोल्पालाई अमेरिका तथा युरोपका देशहरूमा पुरायो। विश्व चर्चित भयो। तर विडम्बना के भने यो फ्रान्सिली निर्देशक एरिक भ्यालीको फिल्म बनेर रह्यो।

निश्चितरूमा दक्षिणा, बासुदेव, परालको आगो, बसन्ती, नुमाफुङ, मसान तथा उमा आदि राम्रो प्रयास हुन्। तर यतिले पुग्दैन। मन र मुटु जोडेर बौद्धिक मस्तिष्कले सोच्ने हो भने सिर्जनशील हातहरूका लागि नेपाली सिनेमा संसारमा केही गर्न सक्ने धेरै सम्भावाना छ। स्तरीय नेपाली सिनेमाका लागि बजार नभएको पनि होइन। राम्रा नेपाली सिनेमाले १५-२० करोडको बजार बनाउन कुनै गाह्रो पनि छैन।

नेपालले अहिलेसम्म राजदूत सिनेमा बनाउन नसकेता पनि राजदूत कलाकारहरु भने जन्माएको छ। शिव श्रेष्ठ तथा मनिषा कोइराला जस्ता कलाकारहरुले अन्तर्राष्ट्रियस्तरमा नेपाललाई चिनाउन राजदूतले भन्दा बढी महत्वपूर्ण भूमिका खेलेका थिए।

अभिनेता शिव श्रेष्ठले त अहिलेका नेताहरुले मात्र होइन कि राजाले समेत गर्न नसकेको कार्य गरेको कुरा चलचित्र समीक्षक तथा निर्देशक प्रकाश सायमीले बताउँछन्। नेपाल, पाकिस्तान तथा बंगलादेशको संयुक्त लगानीको चलचत्रि जीवन ज्योति (हम से है जमना) प्रर्दशन भएपछि पहिलो पटक पाकिस्तान पुगेका शिव श्रेष्ठको एक झलक हेर्न एअरपोर्टमा शिवा शिवा भन्दै ठुलो भिड उर्लिएको थियो रे। शिव श्रेष्ठको अर्को फिल्म हामी एक हौं (हम एक हैं) नेपाल, पाकिस्तान, श्रीलंका तथा बंगलादेशमा मात्र होइन कि खाडी देशहरुमा, थाइलैण्ड तथा टर्कीमा समेत सुपर हिट भएको थियो।

करिब दुई दर्जन पाकिस्तानी फिल्महरुमा अभिनय गरेका शिव श्रेष्ठको स्टारडम नेपाल तथा पाकिस्तान मात्र होइन कि बंगलादेश, श्रीलंका, थाइल्याण्ड, अफगानिस्तान, टर्की तथा खाडीका देशहरुमा समेत पुगेको थियो।

९० को दशक शिव श्रेष्ठका लागि सुनौलो युग थियो। पाकिस्तानमा उनको लोकप्रियताले आकाश छोएको थियो। प्रकाश सायमीका अनुसार सन् १९९६ मा पाकिस्तानको भ्रमणमा गएका ट्रेजडी किंग भनिने भारतका चर्चित अभिनेता दिलीप कुमारले पाकिस्तानका ठाउँ ठाउँमा शिव श्रेष्ठको भव्य कट आउट देखेर सोधेका थिए रे, यो (कलाकार) को हो ? जवाफ आएछ, नेपालका शिवा।

अहिले पनि ४० वर्ष नाघेका पाकिस्तानका दर्शकहरुको मनमस्तिष्कमा नेपालका शिवा जीवित छन्। युट्युबमा उनका पाकिस्तानी फिल्महरु खोजी खोजि हेर्नेहरुको संख्या पनि ठुलो छ।

हो, हामीसँग कुशल कलाकारहरुको कमि छैन। हामीसँग स्तरीय राजदूत सिनेमा बनाउने कथावस्तुहरूको पनि कुनै कमी छैन। हामीसँग भीमसेन थापाको विषय छ। अंग्रेज युद्धको विषय छ। गौतम बुद्धको विषय छ। नेपाल एकीकरणको विषय छ। कोतपर्वको विषय छ। जंगबहादुरको विषय छ। चार सहिदको विषय छ। वीपी कोइरालाको विषय छ। विश्वको सबैभन्दा अग्लो शिखर सगरमाथा विषय छ। हिमाल आरोण विषय छ। तेन्जिंग र हिलारीको विषय छ। यी अन्तर्राष्ट्रिय चाँसोका विषय हुन सक्छन्। यी विषयहरुमा स्तरीय चलचित्र बनाएको खण्डमा निश्चितरुपमा राजदूत सिनेमा बन्न सक्ने छन्। त्यसैले यस्ता विषयहरूलाई सस्ता हातहरूबाट लिलामी हुन दिनुहुँदैन।

आँटे पछि नहुने केही छैन। राजदूत सिनेमा बनाउन ठूलो लगानी गर्नुपर्छ भन्ने छैन। सानो बजेटमा पनि राम्रो सिनेमा निमार्ण गर्न सकिन्छ। सत्यजित रेले पाथर पाञ्चालीमा करोडौं लगानी गरेका थिएनन्। तत्कालीन समयमा एउटा नेपाली सिनेमाको बजेटमा नै पाथर पाञ्चाली बनाएका थिए। सानो बजेटको पाथर पाञ्चालीमा सत्यजित रेले भारतीय सिनेमाको सिर्जनशीलता र श्रेष्ठताको नमुनाको छाप छोड्न सफल भएका थिए।

साँच्चै, यो सिनेमामा सत्यजित रेले पुरोहित हरिहर रायको छाप्रोभित्रको दुःख, पीडा, वेदना र छटपटीलाई सजीवताका साथ पर्दामा उतारेका छन्। बालक अप्पु र दुर्गाले पहिलो पटक रेल देख्दाको दृश्य तथा गरिबीका कारण हरिहरले घर छोडेर जाँदा घरमा सर्प पसेको दृश्य ज्यादै नै मनोवैज्ञानिक तथा हृदयस्पर्शी छन्।

यो कुरा सचेत निर्देशकहरूले बुझ्नुपर्छ। नेपालका बौद्धिक जगत्‌ले नेपाली चलचित्र निर्देशकहरूबाट यही अपेक्षा गरेका छन्। तर विडम्बना के भने अधिकांश राम्रा निर्देशकहरू पनि हिजोआज नाइकाहरूको नाइटो र कम्मरकै वरिपरि क्यामरा घुमारहेका छन्। एकताका लूट र चपली हाईट हिट भएपछि त यौन मनोविज्ञानको नाममा घिनलाग्दा चलचित्रहरु निर्माणको होडनै चलेको थियो। तर अधिकांश यस्ता चलचित्रहरुले बक्स अफिसमा पानी पनि भन्न नसकेपछि यो लहड रोकिएको छ। अहिले आएर हल्काफुल्का हास्य सिनेमाहरुले बजार तताएका छन्। तर उहिलेदेखि नै अधिकांश चलचित्रकर्मीको ध्यान स्तरीय चलचित्र निर्माणतिर भन्दा पनि बिकाउ चिलचित्रतिर केन्द्रित छ। त्यसैले त नेपालमा नुमाफुङ बने पनि पाथर पाञ्चाली बन्न सकेका छैनन्। राजदूत सिनेमा त परै छोडौं, नेपाली सिनेमाहरूले नेपाली मनसमेत जित्न सकेका छैनन्।

## ब्रेन बाइट्स




९० को दशक शिव श्रेष्ठका लागि सुनौलो युग थियो। पाकिस्तानमा उनको लोकप्रियताले आकाश छोएको थियो। प्रकाश सायमीका अनुसार सन् १९९६ मा पाकिस्तानको भ्रमणमा गएका ट्रेजडी किंग भनिने भारतका चर्चित अभिनेता दिलीप कुमारले पाकिस्तानका ठाउँ ठाउँमा शिव श्रेष्ठको भव्य कट आउट देखेर सोधेका थिए रे, यो (कलाकार) को हो ? जवाफ आएछ, नेपालका शिवा।

# रक्तदानको विश्व अभियान



**अर्जुनप्रसाद मैनाली**

रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन। स्वेच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ। नेपालमा बर्सेनि करिब तीन लाख युनिट रगत चाहिन्छ तर जहिल्यै अभावका समाचार आइरहेका हुन्छन्। पछिल्लो समय बाढी, पहिरा, भूकम्पजस्ता प्राकृतिक कारणदेखि सडक दुर्घटना एवं स्वदेशमै अनेक जटिलखालका रोगहरूको शल्यक्रियाको सुविधा पनि उपलब्ध भएसँगै रगतको माग आकासिएको छ। ब्लड बैंकहरूले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन्। योग्य व्यक्तिहरूले पनि रक्तदान नगर्ने प्रवृत्तिले गर्दा देशमा रगतको अभाव भएको छ।

स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तीमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तीमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेह तथा एचआइभी/एड्स नलागेको व्यक्ति रक्तदान गर्न योग्य मानिन्छन्। गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नुहुँदैन। रक्तदान गर्दा कतिपय मुटुजन्य रोगका समस्या र कतिपय मधुमेहजन्य रोगका समस्या निदान हुने विभिन्न स्वास्थ्य अनुसन्धानले प्रमाणित गरेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार विकसित देशमा एक हजारमा ३३ दशमलव चार जना, विकाशोन्मुख देशमा ११ दशमलव सात जना र अल्पविकसित देशमा चार दशमलव छ जनाले मात्र रक्तदान गर्ने गर्दछन्। विश्वको जनसंख्याको दुई प्रतिशतले मात्र रक्तदान गर्दा पनि बिरामीको उपचारको लागि रगत अभाव हुँदैन भन्ने तथ्याङ्क छ।

**रक्तदान किन आवश्यक छ ?**

वैज्ञानिकहरूले चिकित्सा क्षेत्रमा अकल्पनीय आविस्कारहरू गरी क्यान्सर, मिर्गौला प्रत्यारोपण, ठूला एवं जटिल रोगहरूको उपचार पनि सम्भव गराएका छन् तर त्यस्ता रोगहरू उपचार गर्न मानव जीवनका लागि नभई नहुने रगतको विकल्प भने दिनसकेका छैन। प्राकृतिक प्रकोपका कारण बर्सेनी लाखौंले जीवन गुमाउने गर्दछन् भने करोडौंको संख्यामा घाइते हुन्छन्। त्यस्तै मानव निर्मित सडक दुर्घटना, युद्धजस्ता कारणले समेत बर्सेनी ठूलो संख्यामा मानवीय क्षति हुने गरेको छ। यसका अलावा सरुवा रोगलगायत विभिन्न प्रकोपका कारण लाखौंको ज्यान जान्छ। साथै गरिब परिवारका गर्भवती, सुत्केरी तथा नवजात शिशुको रगतमा हेमोग्लोबिनको मात्रा कम भएकालाई उपचार गर्न रगत आवश्यक पर्दछ।

कुनै पनि बिरामीको उपचारका क्रममा रगत आवश्यक हुन गएमा अर्को स्वस्थ मानिसलाई रक्तदान गराउनुबाहेक अर्को विकल्प छैन। आफ्नो शरीरको अमूल्य रगतबाट अरुको जीवन बचाउन सकिने भएकाले नै रक्तदानलाई जीवनदान भन्ने गरिएको हो। हामीले शरीरमा भएको रगत दान नगरे पनि तीन महिनामा त्यो रगत त्यत्तिकै खेर जान्छ। खेर जाने रगत दान गर्दा कसैको ज्यान बच्छ भने किन नगर्ने भन्ने भावनाको विकास हुन जरुरी छ। त्यसैले रक्तदानभन्दा अर्को ठूलो पुण्य काम केही हुँदैन।

**रक्तदान कतिपटक गर्न सकिन्छ ?**

मानिसको शरीरमा रगत बोनम्यारोमा बन्छ। शरीरमा हरेक १२० दिनमा नयाँ रगत बन्दै जाने र पुरानो रगत नष्ट हुने गर्दछ। पुरुषमा ७६ र महिलामा ६६ मिलीलिटर प्रतिकिलोग्राम रगत हुन्छ। मानिसलाई दैनिक काम गर्नका लागि ५० मिलीलिटर रगत प्रतिकिलोग्राम आवश्यक पर्दछ। एकजना स्वस्थ एवं ४५ किलोग्राम तौल भएको व्यक्तिले आठ मिलीलिटर प्रतिकिलोग्राम अर्थात् तीन सय ६० मिलीलिटर रगत सजिलैसँग दान गर्न सक्छ। यो रगत दिँदा हाम्रो शरीरमा कुनै कमजोरी हुँदैन। दान गरेको रगतको परिणाम कुनै पनि तीन सय ६० मिलीलिटर पेय पदार्थबाट र दैनिक खानपानबाट केही दिनमा आफैं बनेर पूर्ति हुने भएकाले रक्तदान गर्न सकिन्छ। रगत निकाल्दा यसले कमजोरी बनाउँदैन तर आफ्नो शरीरमा सञ्चालन भएको रगत एकाएक निकाल्दा रगतका कोशिका र नसाहरूमा केही गडबड भने हुन्छ। यसले कसैकसैलाई केही अप्ठ्यारो हुन्छ तर तरल पदार्थको यथेष्ट खाएका एक-दुई दिनमा नै यथारूपमा आउँछ।

एउटा स्वस्थ व्यक्तिको शरीरमा चारदेखि पाँच लिटर रगत हुन्छ। त्यसमध्येबाट ३५० मिलीलिटर मात्र रगत लिइरहेका हुन्छौं। दुर्घटना, प्रसूति, शल्यक्रिया तथा अन्य रोगका कारण शरीरमा रगतको कमी भएका बिरामीलाई रगत दान गरी उनीहरूलाई बचाउन सकिन्छ। विश्वभरि रक्तदान गर्नेमध्ये एक प्रतिशतभन्दा कमले मात्र सयौंपटक रक्तदान गर्न सकेका छन्। नेपालको परिपेक्ष्यमा १८ वर्ष पूरा भएका, ६५ वर्ष ननाघेका र ४५ किलो वजनका भएका व्यक्तिले हरेक ९० दिनमा रक्तदान गर्न सक्छन्। अमेरिका र क्यानडामा हरेक ५६ दिनमा रक्तदान गर्न सकिन्छ भने १६ वर्ष पुगेका र ७५ वर्ष ननाघेका व्यक्तिहरूले वर्षमा छ पटकसम्म रक्तदान गर्न सक्छन्।

**रक्तदानप्रति युवाको आकर्षण कसरी बढाउने ?**

नेपालमा पछिल्लो समय रक्तदानबारे सचेतना त बढेको छ तर अभावलाई पूर्ति गर्न सकेको छैन। दाताहरू पनि रक्तदान गर्न सहजरुपमा उपस्थिति हुँदैनन्। रगतको स्रोत स्वस्थ्य युवाहरू नै हुन्। रक्तदान जीवनदान भन्ने कुरा सबैलाई थाहा छ। रगत दिएर अरुलाई बचाउन सकिन्छ भन्ने पनि थाहा छ, तर पनि युवाहरू रक्तदानमा सहभागी हुँदैनन। आमरूपमा रक्तदान गर्नुपर्छ भन्ने चेतना जगाउन जरुरी छ। अहिले काठमाडौंमा प्रतिदिन झण्डै पाँच सय युनिट रगत चाहिन्छ। तर स्वयंसेवीहरूबाट करिब एक सय ५० युनिटमात्र रगत दान गरेको पाइन्छ। यसले गर्दा दैनिक झण्डै तीन सय बिरामीले रगत नपाउने स्थिति छ। नेपालको जनसंख्या करिब तीन करोडमध्ये एक प्रतिशतले पनि रक्तदान गरेका छैनन्। देशभरिमा झण्डै सवा तीन लाख युनिट रगत चाहिन्छ। गत वर्ष लगभग दुई लाखले मात्र रक्तदान गरेका थिए।

प्रविणता प्रमाणपत्र तहमा अंग्रेजी पाठ्यपुस्तकको 'द ब्लड डोनर' पाठबाट प्रेरित भई रक्तदान कार्यमा आफूलाई समर्पण गरेको मैले विगत ४० वर्षदेखि निरन्तर रक्तदानको माध्यमबाट बिरामीलाई नयाँ जीवन दिँदै आएको छु। युवाहरूमा रक्तदानको महत्वबारे अवगत गराउन विद्यालय, विश्वविद्यालयका पाठ्यक्रमहरूम रक्तदानसम्बन्धी पाठ्यसामग्री समावेश गर्नु जरुरी छ। पाठ्यपुस्तकमा रक्तदानबारे एउटा सानो पाठ राखिदियो भने ती विद्यार्थीलाई रक्तदान गर्न उत्प्रेरणा मिल्छ। रक्तदानको महत्वबारे समाजमा अझै अनेक अविश्वास, भ्रम र चेतनाको अभाव रहेको पाइन्छ। त्रिवि मातहतको सरस्वाती क्याम्पसको समाजशास्त्र विभागले सन् २०२२ मा गरेको रक्तदानबारे सामाजिक बुझाइसम्बन्धी अध्ययनमा पनि अझै यो अवस्था रहेको पाइएको छ। अध्ययनमा नेपालमा रक्तदानको दर न्यून रहेको, अत्यावश्यक अवस्थामा बाहेक रक्तदान गर्न तयार नरहेको, रक्तदान गर्दाका असर र फाइदाबारे जानकारी नभएको, सामाजिक चेतनाको अभाव, रक्तदानका लागि उत्प्रेरणा बढाउन नसकिएकोलगायतका विषय औंल्याएको छ। अर्को कुरा रक्तदानसम्बन्धी काम गर्ने नेपाल रेडक्रसको रक्तसञ्चार सेवा, नेपाल सरकारको केन्द्रीय रक्त ब्यूरोले रक्तदान कार्यक्रम बढाउनका लागि स्थानीय संघसंस्थालाई प्रोत्साहन गर्नुपर्छ।

**रक्तदानको अभियान**

'म एक्लैले यस संसारलाई दयारुपी संसारमा बदल्न सक्दिन तर संसाररुपी पानीमा एउटा पत्थर फ्याँकेर समाज सेवाको हलचल मच्चाइ मानव सेवाका लागि मनुष्यमा दया पैदा गर्न सक्छु' भन्ने मदर टेरेसाको भावनाबाट प्रेरित भएर नै मैले पनि रक्तदानको अभियानलाई विश्वव्यापी बनाउन खोजेको हुँ। मान्छेहरूलाई बचाउन सकूँ र समुदायलाई पनि उत्प्रेरणा दिने नै मेरो अभियान रहेको छ। रगत दान गर्दा कमजोरी भइन्छ भन्नेहरूका लागि रक्तदान गरेर कमजोरी हुँदैन भनेर बुझाउनु मेरो अर्को उद्देश्य हो।

बिरामीलाई रगत उपलब्ध गराउन, युवाहरूलाई रक्तदान गरेर कमजोर भइँदैन भनेर बुझाउनका लागि १९९० डिसेम्बर ५ मा रक्तदान गरेको एक घण्टापछि विभिन्न जिल्लाहरूमा साइकलयात्रा गरेको थिएँ। सन् २०२२ नोभेम्बरसम्म विश्वका छवटै महादेशका १४ वटा देशमा पुगी त्यहाँ बसोबास गरेका नेपाली समुदायमा रक्तदान गर्न उत्प्रेरणा गरेको छु र आफूले पनि दुई सय पाँचपटक रक्तदान गरेको छु। यस अभियानबाट छ सय १५ जना बिरामीलाई बचाउन सक्नु आफैंमा असाधारण काम हो भन्ने लाग्दछ।

प्राकृतिक प्रकोप, दुर्घटना र युद्धमा घाइते भएका मानिसलाई बचाउन रगतको ठूलो भूमिका हुन्छ। रगत खेर जाने चिज होइन, यो सबैलाई चाहिने कुरा हो, असह्य भएर पनि अरुलाई रगत दिनु र उसलाई बचाउनु चानचुने कुरा होइन। मेरो रक्तदानको यात्रा एउटा देश वा भूगोलमा सीमित छैन। मैले आफ्नै साधन, स्रोत, समयमा यो अभियानलाई विश्वव्यापी बनाउने जमर्को गरेको हुँ। यसले विश्वमा नेपालको परिचय गराउन मद्दतमात्र पुगेको छैन, मानवीय भावनाको विस्तार पनि भएको छ। अझै ५० वर्षसम्म पनि रगतको विकल्प आउन कठिन रहेकाले देश र विदेशमा पुगेर रक्तदानको आवश्यकता, महत्व र उपयोगिताका बारेमा जनचेतना बढाउने मेरो अभियान कायमै रहनेछ।

*(प्रस्तुत विचार लामो समयदेखि अमेरिकामा बस्दै आउनुभएका र हालै नेपाल भ्रमणमा आउनुभएका मैनालीसँग कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)*

# कानुङले दियो सहकारी शिक्षा

बुटवल, माघ २३ (मेसस) । कानुङ बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बुटवलको आयोजनामा देवदहको चरङ्गेमा सहकारी आधारभूत शिक्षा तथा अभिमुखीकरण तालिम सम्पन्न भएको छ । तालिममा कानुङ बचत तथा ऋण सहकारीले गर्दै आएको आर्थिक कारोबार, समाजिक उत्तरदायित्व बहन, आफ्ना शेयर सदस्यहरुलाई आयआर्जनका लागि गरिएका उद्यमशील कार्यहरु र संस्थागत, नेतृत्व तथा व्यक्तित्व विकासका कार्यहरु गर्दै आएको कामका बारेमा सहकारी अभियन्ता दलबहादुर गुरुङले सहजीकरण गरका थिए।

साथै उनले नेपालमा सहकारीको वर्तमान अवस्था, देखिएका समस्याहरु र सहकारीले चाल्नुपर्ने कदमका सन्दर्भमा प्रकाश पारेका थिए । सहभागीहरुलाई उनले सहकारीको अर्थ, परिभाषा र सिद्धान्तका बारेमा मसिनो गरी जानकारी गराएका थिए। तालिम समापन कार्यक्रममा स्थानीय मगर एकाइ समितिका अध्यक्ष दिलबहादुर सारु मगरले आफ्नो गाउँमा आई सहकारीका बारेमा प्रष्ट जानकारी दिँदै आर्थिक सहभागितामा संलग्न हुन गरेको अनुरोध प्रशंसनीय रहेको उल्लेख गरे।

आफ्नो ठाउँमा लालपूर्जावाला बस्ती नभएको र आर्थिक क्रियाकलाप गर्नसमेत कठिन भएकोले सहकारीमार्फत आर्थिक गतिविधिहरुमा स्थानीयहरु जोडिन इच्छुक भएको उनले जानकारी गराए। देवदह नगरपालिका वडा नं. १० का महिला जनप्रतिनिधि रेनुका आलेमगरले गाउँलेहरुलाई सहकारीमार्फत आर्थिक समृद्धिमा संलग्न गराउन आफूहरु क्रियाशील रहेको बताउँदै कानुङ सहकारीले यहाँका महिलाहरुलाई आर्थिक उपार्जन बढाउने खालका उद्यमशील तालिम दिनुपर्नेमा जोड दिइन्। महिलाहरुलाई सबै किसिमका अधिकार भएपनि आर्थिक अधिकार प्राप्त नभएको कारण महिलाहरु सधैं पछाडि पारिनुपरेको दुखेसो व्यक्त गरिन्।

सहभागीहरुका तर्फबाट सुरेश रानाले आफ्नो गाउँमा सहकारी भएरपनि आयस्रोत कम भएको र आर्थिक उपार्जनका कार्यक्रमहरु कम हुँदै आएको जानकारी गराए। स्थानीय सहभागीहरुले उठाएको सवालहरुलाई कानुङ सहकारीका अध्यक्ष टोपबहादुर थापाले प्रष्ट्याउँदै आफ्नो सहकारीले आफ्ना सदस्यहरुलाई उद्यमशीलतातर्फ उन्मुख गराउँदै रोजगारी र स्वरोजगारीमा जोड्दै लगिएको बताए।



सहकारी नीति, नियमअनुसार चलेको आफ्नो सहकारीले आफ्नै स्वनियम समेत तयार पारेको बताए। सदस्यमात्र नबनाई उहाँहरुलाई समय समयमा सहकारी अभिमुखीकरण तालिम, सहकारी शिक्षा र सहकारीको आर्थिक ऐना समेत देखाउँदै आएको जानकारीसमेत गराए । तालिममा स्थानीय बासिन्दाहरुको सार्थक सहभागिता रहेको थियो । शिक्षा उपसमितिका संयोजक ठमि थापाको अध्यक्षमा सम्पन्न समापन कार्यक्रममा स्वागत पीताम्वर पुन, सञ्चालन सोही उपसमितिकी सदस्य गुमा सिंजालीले गरेकी थिइन्। २०६५ देखि सञ्चालित उक्त सहकारीमा अहिलेसम्म करिब एक हजार नौ सय शेयर सदस्य र २५ करोड रुपैयाँ बराबरको आर्थिक कारोबार भएको छ।

# शान्ति नमुनामा खेल सप्ताह जारी

मणिग्राम, माघ २३ (मेसस) । रूपन्देहीको तिलोत्तमा-५ मणिग्राममा रहेको शान्ति नमुना माविको ६५ औं वार्षिकोत्सवको अवसरमा आयोजित खेल सप्ताहअन्तर्गत मंगलबार पनि विभिन्न क्षेत्रका खेल भएका छन्। जुनियर १-३, सेक्टर २ (४-५), सम्पन्न भएका छन्। मंगलबार भएको चेसको फाइनलमा कक्षा नौका शिशिर बस्याल प्रथम, कक्षा सातका उत्सव खरेल द्वितीय र कक्षा नौका पवन काफ्ले तृतीय भएका छन्।

यस्तै शिक्षकहरुबिच भएको कुर्सी दौडमा जनुका रेग्मी प्रथम, गोमता



६ देखि ९ कक्षामा विभिन्न कार्यक्रम भइरहेका हुन्।

दोस्रो दिनको खेलमा ६-९ तर्फका २०० मिटर र ४०० मिटर दौड, म्याथमेटिकल दौड, ब्याडमिन्टन, चेस, टेबल टेनिस, सट पुटलगायतका खेल ढकाल द्वितीय र गीता पन्थी तृतीय भएको प्रतियोगिता संयोजक सीता गौतमले जानकारी दिइन्।

जुनियरतर्फ प्लेट दौड, १०० मि दौड छात्रछात्रा, थ्री लेग रेस, मिठाई दौड, सुज रेस, मेमोरी टेस्ट, हट पोट्याटो, बलुन ब्रष्ट, स्पुन रेस, ब्याग रेस र म्याथमेटिकल रेसलगायतका खेलहरु भएको प्राथमिक तह इन्चार्ज बसन्ती भण्डारीले जानकारी दिइन्।

यस्तै कक्षा कक्षा ११ र १२ तर्फ सटपुट, फुटबल, ब्याडमिन्टन, हाइजम्प, लङ्गजम्प, १०० मिटर दौडलगायतका प्रतियोगिता सम्पन्न भएको विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक शुसिल पाण्डेले जानकारी दिए।

# लुम्बिनी केबलकारमा ५० प्रतिशत छुट

बुटवल, माघ २३ (मेसस) । बुटवल र पाल्पा जोड्ने गरी बनेको लुम्बिनी केबलकारले प्रणय दिवस (भ्यालेन्टाइन डे) लाई लक्षित गरी टिकट दरमा ५० प्रतिशत छुट दिने घोषणा गरेको छ। कम्पनीले माघ २४ गतेदेखि फागुन २ गतेसम्म केबलकारको दुईतर्फी यात्राको टिकट दर पाँच सय रुपैयाँ मात्र कायम गर्ने घोषणा गरेको हो।

केबलकारका अपरेसन म्यानेजर दिल्लीनारायण कायस्थ सैंजूले प्रणय दिवसलाई लक्षित गरेर भ्यालेन्टाइन अफर ल्याइएको बताए । नेपालीसँगै भारतीय नागरिकलाई पनि टिकट दरमा ५० प्रतिशत छुट गरिएको उनले बताए । कम्पनीले यसअघि ल्याएको 'मर्निङ अफर' र दशैं-तिहार लक्षित चाडपर्व अफरले आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गरेको हुंदा भ्यालेन्टाइन अफरले विशेष गरी युवा पुस्तालाई आकर्षित गर्ने कम्पनीको विश्वास रहेको सैंजूले बताए।

केबलकारको टिकट दर रु.एक हजार कायम गरिएपनि सञ्चालनमा आएसँगै नेपालीका लागि ७५० रुपैयाँ कायम छ। बुटवलको गोलपार्क बमघाटमा बटम स्टेशन र पाल्पाको तिनाउ गाउँपालिका बसन्तपुरमा टप स्टेशन रहेको २.६ किलोमिटर दूरीको केबलकार गत जेठ १५ गतेदेखि व्यवसायिक रुपमा सञ्चालनमा आएको थियो । आठ महिनामा करिब दुई लाख पर्यटक केबलकारको यात्रा गरी पाल्पाको बसन्तपुर पुगेका कम्पनीले जनाएको छ। डेढ दशकअघि प्रक्रिया अघि बढेपनि लगानी अभावलगायत विभिन्न कारणले काम अघि बढ्न नसकेको कूल ५ अर्ब लागतको आयोजना आईएमई ग्रुपले नेतृत्व लिएपछि १४ महिनामै निर्माण सम्पन्न भएको थियो। कम्पनीले प्रत्येक टिकट दरको एक-एक प्रतिशत रकम बुटवल उपमहानगरपालिका र तिनाउ गाउँपालिकालाई स्थानीय करबापत दिँदै आएको छ।

टिकटदरमा बुटवलको वडा नम्बर ३ र तिनाउ गाउँपालिकाको वडा नम्बर ३ का बासिन्दा, अपांगतासहित फरक क्षमता भएका नागरिक र ३ देखि ४ फिट उचाइ भएकालाई ५० प्रतिशत छुट, विद्यार्थी र ७० वर्षदेखि ८० वर्ष सम्मका जेष्ठ नागरिकलाई ४० प्रतिशत तथा ३ फिट भन्दा कम उचाइका बच्चा र ८० वर्ष माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क गरिएको छ।

२५ वटा गोण्डोला (यात्रु बस्ने डिब्बा) रहेको केबलकारले दैनिक ६ हजार यात्रुलाई ओसारपसार गर्न सक्छ। केबलकारको टप स्टेशनमा रेष्टुरेण्ट, जीप लाइन, सेल्फी जोन सञ्चालनमा आइसकेका छन् भने स्काइ साइक्लिङ, विद्युतीय पिङ, बाल उद्यान निर्माणको चरणमा छन् । त्यस्तै २ वर्षभित्र एक सय ५० कोठा, १ हजार जना क्षमताको बैंक्वेट हल र क्यासिनोसहित साढे ३ अर्ब लागतमा पाँचतारे होटेल बनाउने योजना छ । करिब १ सय जनालाई रोजगारी दिएको कम्पनीले पाँचतारे होटल सञ्चालनमा आउँदा थप ५ सय बढीलाई रोजगारी दिन सक्नेछ । आईएमई समूहले सञ्चालनमा ल्याएको यो तेस्रो केबलकार हो।

# सिद्धार्थनगरले पहिलोपटक मनायो स्थापना दिवस

भैरहवा, माघ २३ (मेसस) । सिद्धार्थनगर नगरपालिका स्थापना भएको ५६ वर्षपछि नगरपालिकाको कार्यालयले पहिलोपटक विभिन्न कार्यक्रम गरी स्थापना दिवस मनाएको छ । वि.सं. २०२४ माघ २२ गते भैरहवा नगरपञ्चायतको नामबाट हालको नगरपालिका स्थापना भएको थियो । तत्कालीन श्री ५ को सरकारद्वारा दश हजार सात जनसंख्या भएको क्षेत्रलाई २०२४ माघ २२ गते भैरहवा नगरपञ्चायत नामले स्थापना गरेको विषय उक्त समयमा



प्रकाशित राजपत्रमा उल्लेख छ। उक्त राजपत्रको नगरपालिकाको कार्यालयले खोज गरेको थियो । स्थापना दिनको प्रमाणस्वरुप अदालतमा प्रकाशित राजपत्र फेला परेपछि सोही राजपत्रको आधारमा कार्यालयले माघ २२ गते स्थापना दिवस मनाएको हो । दिवसको अवसरमा कार्यालयले विभिन्न संघसंस्था, नगरवासीहरुको सहभागितामा नगरमा प्रभातफेरी, शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ भने नगरवासीहरुलाई साँझ दीप प्रज्वलन गर्नसमेत आग्रह गरेको छ।

नगरपालिका कार्यालयमा आयोजित शुभकामना आदानप्रदान कार्यक्रममा सिद्धार्थनगर नगरपालिकाका प्रमुख इशितयाक अहमद खाँले स्थापना भएदेखि पहिलोपटक दिवस मनाउन पाएको खुशी व्यक्त गर्दै नगरवासीहरुलाई शुभकामना दिए। उनले माघ २२ गते नगरवासीहरुका लागि ऐतिहासिक दिन भएकोले साँझ घरघरमा दीप प्रज्वलन लगायत कार्यक्रम गरेर स्थापना दिवस मनाउन आग्रह गरे।

उनले नगरलाई पर्यटकीय नगरको रुपमा विकास गरिने बताए। नगर विकासका लागि आफूहरु आएकोले क्रमशः प्राथमिकताका आधारमा विकासका कार्य गर्दै जाने उनको भनाइ छ । त्यस्तै जिल्ला समन्वय समिति रुपन्देहीका प्रमुख उमाकान्त चपाईंले नगर क्षेत्रको विकासको लागि विधि र शासनको पालना गर्नुपर्ने विषयमा जोड दिए । उनले नगरका जनप्रतिनिधिहरुले राम्रो कार्य गरिरहेको बताउँदै अझै कामहरु गर्नुपर्ने आवश्यकता रहेको बताए।

सम्मरीमाई गाउँपालिकाका अध्यक्ष विनोदकुमार श्रीवास्तवले पुरानो पालिकाकोमध्येको सिद्धार्थनगर नगरपालिकाले विकासको गतिमा धेरै फड्को मारेको भन्दै स्थापना दिवसको शुभकामना व्यक्त गरे। सो अवसरमा बोल्दै सिद्धार्थनगर नगरपालिकाका उपप्रमुख उमा अधिकारीले नगर क्षेत्रको विकासको लागि नगरपालिकाले आगामी दिनमा थप सशक्त रुपले योजना बनाएर अघि बढ्ने बताइन्। स्थानीय सरकार नजिकको सरकार भएतापनि हातेमालो गरेर अघि बढे मात्र विकास लगायतका कार्य सम्भव हुने उनको भनाइ छ।

कार्यक्रमलाई सम्बोधन गर्दै रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सिद्धार्थनगर मुलुकको सुन्दर नगरपालिका बन्न सक्ने क्षमता भएको कारण ठूलो योजनाभन्दा पनि नगर क्षेत्रभित्र रहेका योजनाहरुलाई सफल बनाउन लाग्नुपर्ने धारणा राखे। उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष कृष्ण शर्माले नगरको विकासको लागि निजी संस्थाले गर्नुपर्ने काममा सधै हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गरे।

त्यस्तै कार्यक्रममा सहभागी सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ, उद्योग व्यापार संगठन रुपन्देहीका अध्यक्ष दर्पण श्रेष्ठलगायत वक्ताहरुले स्थापना दिवसको शुभकामना व्यक्त गर्दै नगरलाई पर्यटकीय सहर बनाउने गरी अगाडी बढ्न सबै प्रतिबद्ध भएर लाग्नुपर्नेमा जोड दिए।

# उद्योग संघमा गार्मेन्ट वस्तुगत समिति गठन

बुटवल, माघ २३ (मेसस) । रुपन्देही उद्योग संघमा आबद्ध गार्मेन्ट उद्योगीहरुको भेलाले मंगलबार गार्मेन्ट वस्तुगत समिति गठन गरेको छ। संघका प्रथम उपाध्यक्ष एवं वस्तुगत समिति गठन कार्यक्रमका संयोजक जीवकान्त काफ्लेको अध्यक्षतामा आयोजित भेलामा संघका अध्यक्ष दिलिप सापकोटाको प्रमुख आतिथ्यता रहेको थियो। भेलालाई सम्बोधन गुदै संघका अध्यक्ष सापकोटाले विभिन्न प्रकृतिका उद्योगहरुका समस्यालाई एकीकृत गर्ने र समस्या समाधानका लागि संघबाट पहल गर्न सहज हुने हुँदा संघमा आवद्ध उद्योगीहरुको प्रकृतिअनुसार छुट्टाछुट्टै भेलाको आयोजना गरी आ-आफ्ना क्षेत्रका अनुभव र समस्याहरुलाई संघसम्म ल्याई पुरयाउन विगत लामो समयदेखि वस्तुतग समिति गठन गर्ने कार्यक्रम जारी रहेको बताए।

गार्मेन्ट उद्योगीहरुको भेलाले दुर्गा होजियारी उद्योगका मुक्तिप्रसाद भण्डारीको संयोजकत्वमा ७ सदस्यीय गार्मेन्ट वस्तुगत समिति गठन गरेको छ । गठित समितिको सहसंयोजकमा हरि गैरे, सचिवमा केशव पौडेल, सदस्यहरुमा लक्ष्मण भट्टराई, रुमलाल पौडेल, अनिष कसौधन र लक्ष्मण पराजुली चयन भएका छन्।

भेलामा प्रतिबद्धता मन्तव्य राख्दै संयोजक मुक्तीप्रसाद भण्डारीले उद्योगीहरुले आफूलाई विश्वास गरी संयोजकको जिम्मेवारी दिएकामा रुपन्देही उद्योग संघ तथा गार्मेन्ट उद्योगीहरुप्रति आभार व्यक्त गर्दै गार्मेन्ट उद्योग सञ्चालनमा आएका कठिनाईहरुलाई समाधानका लागि सम्बन्धित निकायमा पहलका लागि रुपन्देही उद्योग संघमार्फत क्रियाशील रहने भनाइ व्यक्त गरेका थिए।

## सच्चाइएको

मिति २०८०।१०।२३ गते यस मेचीकाली राष्ट्रिय दैनिकमा प्रकाशित काठ लिलाम बिक्रि सम्बन्धी सूचनामा वनको नाम श्री फुलवस्ती चैतोडा सा.व.उ.स., गोदावरी न.पा.-४ हुनुपर्नेमा श्री फुलवस्ती सा.व.उ.स. भएकोले सच्चाइएको छ।

## +२ को माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो निम्न व्यहोराको +२ को माइग्रेसन सर्टिफिकेट हराए पश्चात उक्त प्रमाणपत्र हराएको भनी सन् २०१८ जनवरी १० मा राष्ट्रिय परीक्षा बोर्डबाट निकालेको पत्रसमेत मिति २०८०/०७/१० गते परासीबाट बुटवलतर्फ जादैं गर्दा पुनः हराएको हुदा फेला पार्नुहुने महानुभावले निम्न सम्पर्क नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नाम : राजु चौधरी
रजिष्ट्रेशन नं. : ५९४९०५१४९
सिम्बोल नं. : २३५१५०
सम्पर्क : ९८०७०६५५४०

## इट्टा चाहिएमा !

तपाईहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।

LBF मार्का LBF

सम्पर्कः पडसरी-५, ठुटीपिपल, रुपन्देही
फोनः ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री
नोटः पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।

## समस्या अनेक ? उपचार केन्द्र एक !

नेपाल सरकारद्वारा मान्यता प्राप्त बुटवलको एकमात्र आयुर्वेद क्लिनिक

**यौन:** सबै किसिमका शारीरिक, मानसिक, यौन दुर्बलता, धातु रोग, गुप्तरोग, स्पनदोष र पुरुष-स्त्री दुवैका कारणबाट हुने 'निः सन्तानपन यौनाङ्को विकास महिनावारीमा गडबडी, सेतोपानी आउने, गन्नाउने आदि (पूर्ण गोप्तताका साथ)

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर, चाया, अनावश्यक कोठी वा फोकाहरु अनुहारका चाउरीपन दुवी, सेतोदुवी, मोटोपन, दुब्लोपन, शारीरिक बनौट तथा ऊचाई (निश्चित उमेरमा)

पाइल्स, फिस्टुला र फिसरको क्षारशूत्र विधिद्वारा बिना अपरेशन सफल उपचार

**कुलत:** जाँड, रक्सी, लागु पदार्थको सेवन तथा इन्जेक्सन जस्ता कुलतहरुको परामर्श तथा पूर्ण उपचार ।

**मानसिक:** निराशा, उवासिनता, मानसिक डर, भय, दिमागको बोधोपन निद्रा नलाग्नु आदि ।

**बिना अपरेशन:** पत्थरी, हाइड्रोसिल, हर्निया, अल्काई आदि ।

**दीर्घ रोग:** डायबिटिज (सुगर), बाथ, दम, पिनास, जण्डीस, ब्लड प्रेसर, एलर्जी, कपालको चाया तथा ग्यास्ट्रिक र अल्सरको सजिलो उपचारको लागि काठमाडौंबाट आउनु भएका विशेषज्ञ डा. हरुलाई भेटी स्वास्थ लाभ लिनुहोस्।

सम्पर्क: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक

बुटवल-१०, (ॐ मिष्ठान्न भण्डारको दोस्रो तल्ला, राजमार्ग चौराहा चोकदेखि १०० मिटर उत्तरतर्फ), फोन: ०७१-५३८८९३, ९८४७३५२१२७

## ट्वाइलेट सफा गराउनुहोस्

- तपाईको शहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानिज मेसिनद्धारा सेफ्टी ट्यांकीको रिङ्ग भरिएमा १० मिनेटमा सफा गरिन्छ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्धारा १० मिनेटमै सेफ्टी ट्यांकीको रिङ्ग खाली गरिन्छ।

**भैरहवा सेनेटरी**
बर्मेलीटोल, भैरहवा, रुपन्देही
९८५७०१५७६३, ९८१७५११८३३

**न्यु शिव सेनेटरी**
पडसरी, ठुटीपिपल, रुपन्देही
९८५७०१५२६३, ९८११९२३११९

## मर्चवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
रायपुर, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८०/१०/२४

यस कार्यालयको मिति २०८०/०९/०८ गतेको सडक निर्माण योजनाहरु सम्बन्धी बोलपत्र आह्वानको प्रकाशित सूचना अनुसार रीतपूर्वक दर्ता हुन आएका अनलाइन बोलपत्रहरुमध्ये तपशिल बमोजिमको बोलपत्र न्यनतम मूल्यांकित सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि ७ (सात) दिने आशय रहेको व्यहोरा यो सूचनाद्वारा जानकारी गराइन्छ ।

| क्र. सं. | ठेक्का नं. | कार्यको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | न्यूनतम मुल्यांकित कबोल अंक रु. (VAT र PS बाहेक) |
|---|---|---|---|---|
| १ | MRM/RUPANDEHI/WORKS/NCB/02/2080-81 | Purba Semera gaun dekhi Haringadh Pulsaam sadak kalopatre | Aalija Nirman Sewa | ८९.३४,१५०.०० |
| २. | MRM/RUPANDEHI/WORKS/NCB/03/2080-81 | Kotawa dekhi paschim hudai bhansar tol chowk saam sadak kalopatre ward no. 1 | A.S.K Nirman Sewa | ५६,००,६८१.५० |
| ३. | MRM/RUPANDEHI/WORKS/NCB/04/2080-81 | Hadsari dekhi piparrahawa saam sadak kalopatre ward no. 6 | Saliesh Nirman Sewa | ६०,८४,०१७.२५ |

प्रमुख प्रशासकीय अधिकृत

## Pratappur Rural Municipality

Office Of The Rural Municipal Executive
Belatari, Nawalparasi (Ba.Su.Pa.), Lumbini Province, Nepal

## Invitation for Bids

**Contract Identification No: PRM/ROAD/NCB/W/08-080-81**
**Publication Date : 2080/10/24**

1. Pratappur Rural Municipality invites electronic bids from eligible bidders for the Construction of Pratappur Chakrapath Nirman (Ring Road) under National Competitive Bidding -Single Stage Two Envelope Bidding procedures.

| S. N | Contract Identification No | Description Of Work | Minimum Average Annual Construction Turnover (Nrs) | Minimum Work experience of similar size and nature (Nrs) | Last Date & Time | | Bid Security Amount (Nrs) | Bid Document Fee (Nrs) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | PRM/ROAD/NCB/W/08-080-81 | Pratappur Chakrapath Nirman (Ring Road) | 34 Million | 28 Million | Bid Submission | 2080/11/27, 12:00 Pm | 13,70,000.00 | 5000.00 |
| | | | | | Bid Opening | 2080/11/27, 1:00 Pm | | |

2. Pre-bid meeting shall be held at Pratappur Rural Municipality, Belatari, Nawalparasi (Ba.Su.Pa.), at 2080/11/18, 1:00 P.M.
3. **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** Global IME Bank Ltd.,
   **Name of Account :** Pratappur Ga.Pa ko Antarik Rajaswa Khata
   **Office Account no.:** K604010000016
4. **Information to deposit the Bid Security Amount(Nrs) in Bank:**
   **Name of the Bank:** Global IME Bank Ltd.
   **Name of Office :** Pratappur GA.PA. ko Dharauti Khata
   **Office Account no.:** K604010000005
5. Bid Security must be valid for a period of 150 days after bid opening.
6. Pratappur Rural Municipality, Belatari Nawalparasi (Ba.Su.PA.) reserves the right to reject or accept or cancle any bid partially or fully without assigning any reason , whatsever.
7. Other mandatory information as per PPA and PPR.